

# नेपालमा
# लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूमा
# उमेर भेदभावको प्रभाव

Mitini NEPAL

OUTRIGHT INTERNATIONAL

sage Advocacy & Services for LGBTQ+ Elders

We refuse to be invisible®

नेपालमा समलिङ्गी, द्वयलिङ्गी, तेस्रो लिङ्गी/ट्रान्सजेन्डर र अन्तरलिङ्गी ज्येष्ठ नागरिकहरुले उनीहरुको शारीरिक रुप लगायत लैङ्गिक अभिव्यक्ति, पारिवारिक स्थिति र उनीहरुको स्वास्थ्य अवस्था र समाजमा योगदानको बारेमा नकारात्मक धारणाले गर्दा आजीवन भेदभाव सहन गर्नु परेको छ । अधिकांश लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुसँग सीमित वा कुनै औपचारिक शिक्षा छैन। उनीहरुले रोजगारीमा भेदभावको सामना गर्छन्, सामान्यतया अनौपचारिक क्षेत्रमा कम पारिश्रमिकमा काम गरेका छन्, र आर्थिक असुरक्षासँग संघर्षरत छन् । यस समुदायका धेरैजसो ज्येष्ठ नागरिकहरुसँग ज्येष्ठ नागरिकलाई प्रदान गरिएको सुविधाहरुमाथि कि त सीमित रुपमा कि त कुनै पहुँच नै नभएको अवस्था छ । उनीहरु विपरीत लिङ्गीसँगको परम्परागत विवाहमा बाँधिएका छन् र उनिहरु आफ्नो यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचान लुकाउँछन्, साथै पारिवारिक अस्वीकृति र प्राय हिंसासँग संघर्ष गरिरहेका हुन्छन् । नेपालमा धेरै लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरु कानुनको दृष्टिमा अदृश्य छन् ।

नेपालमा, सांस्कृतिक र सामाजिक परम्पराहरुले ज्येष्ठ नागरिकहरुलाई सम्मान र हेरचाहमा जोड दिन्छ, तर उमेर, यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति, र यौन विशेषताहरुमा आधारित भेदभावले उनीहरुलाई सहयोगी समुदाय खोज्न चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरुले आत्म-सम्मानमा कमि, मानसिक चिन्ता र डिप्रेसन निम्त्याउन सक्छ, जसले गर्दा समुदायका ज्येष्ठ नागरिकहरुलाई सामाजिक गतिविधिहरुमा भाग लिन र अर्थपूर्ण सम्बन्धहरु बनाउन चुनौतीपूर्ण हुन्छ ।

यस तथ्यपत्रमा[1] प्राप्त निष्कर्षहरु नेपालका कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने ५० देखि ७५ वर्षका १०० लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुसँग व्यक्तिगत रुपमा र फोनमा गरिएको २०२२ ल्यान्डस्केप सर्वेक्षणमा[2] आधारित छन् । यी प्रदेशहरुमा ३१ जना ५०-७० उमेरसमूहका लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुसँग लक्षित समूह छलफल पनि गरिएको थियो ।

निम्नलिखित जानकारीले नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुको जीवनको परिदृश्य प्रस्तुत गर्दछ। तल दिइएको प्रतिशतहरु कि सबैभन्दा नजिकको प्रतिशत वा राउन्डअप गरिएका प्रतिशतहरु हुन् :

## सारांश अवलोकन

**५६%** सहरी क्षेत्रमा बसोबास गर्थे

**४४%** ग्रामीण क्षेत्रमा बसोबास गर्थे

**५०%** ५० देखि ५४ वर्षका थिए

**४१%** ५५ देखि ६९ वर्षका थिए

**९%** ७० देखि ७५ उमेरका थिए

**६८%** आफुलाई ट्रान्सवुमेन/तेस्रो लिङ्गीको रुपमा चिनाउँछन्

**९%** आफुलाई ट्रान्समेन/तेस्रो लिङ्गीको रुपमा चिनाउँछन्

**८३%** जन्मिदा पुरुष इङ्गित गरिएको

**१६%** जन्मिदा महिला इंकित गरिएको

**१%** जन्मिदा अन्तरलिङ्गी थिए

**७७%** आदिवासी समुदायका विशेषगरी जनजाति र मधेश जातिका थिए


**२२%** ब्राह्मण, क्षेत्री, ठकुरी, दलित जाति र नेपाली मुस्लिम समुदायका थिए

**१%** ले आफ्नो जात वा जातीयता पहिचान गरेनन्

**८%** आफुलाई समलिङ्गी महिलाको रुपमा चिनाउँछन्

**९%** आफुलाई द्वयलिङ्गीको रुपमा चिनाउँछन्

**६%** आफुलाई समलिङ्गी पुरुषको रुपमा चिनाउँछन्



**८८%** नेपाली नागरिकता भएको

**८%** नेपाली नागरिकता नभएको

**४%** कुनै प्रतिक्रिया नदिएको

१. सरिता के.सी., विमला गुरुङ, ग्रेस पोरा , “नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुमा उमेर भेदभावको प्रभाव”, तथ्य पत्र, अप्रिल २०२३।
२. एलजीबीटीआई एल्डर्स एडभान्सिङ प्रोजेक्टका लागि आउटराइट इन्टरनेशनल र सेज युएसएको सहयोगमा मितिनी नेपालले यस सर्वेक्षण गरेको हो ।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको सम्बन्धको स्थिति

नेपालमा, विवाहलाई कानुनी र सामाजिक रूपमा दुई विपरीत लिङ्गका व्यक्तिहरु बीचको मिलनको रूपमा मान्यता दिइएको छ। तल उल्लेखित खोजहरुले विविध सम्बन्ध स्थिति देखाउँछ:

**३१%**
अविवाहित थिए

**१५%**
विपरित लिङ्गीसँग विवाहबन्धनमा थिए

केहि लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुलाई विपरित लिङ्गीसंग विवाह गर्न बाध्य पारिएको थियो

**८%**
आफ्नो विपरित लिङ्गी जीवनसाथीसंग बस्थे

**५%**
विधवा/एकल महिला थिए



**१३%**
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरु रितिरिवाज सँस्कार[३] अनुसारले समलिङ्गी जोडीसँग विवाहित थिए । रितिरिवाज संस्कार अनुसार समलिङ्गी विवाह गरेता पनि उनीहरुको विवाह केवल अनुष्ठान उत्सव मात्र भएको र कानुनी रुपमा विवाह भनेर मान्यता प्राप्त भएको थिएन । समलिङ्गी दम्पतिसँग कुनै पनि वैवाहिक अधिकार हुँदैन ।[४]

**२४%**
को एकै समयमा एक भन्दा बढी जोडी रहेको । तिनीहरुमध्ये केही कानुनी रुपमा विपरित लिङ्गीसँग विवाहित हुँदाहुँदै अर्को समलिङ्गी जोडी पनि रहेको पाइयो ।

**४%**
आफ्नो सम्बन्धको बारेमा जानकारी दिन अस्विकार गरे[५]

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुका लागि बस्ने व्यवस्था र आवास

**५०%**
आफु बसिरहेको घरको स्वामित्व भएको

**२८%**
स्थिर/निश्चित भाडादर भएका घरमा बस्थे

**६%**
बजार दरको भाडा भएका घरमा बस्थे

**४%**
ले आफुसंग स्थिर आवास भएको जानकारी गराएको

**२%**
ले आफुसंग स्थिर आवास नभएको जानकारी गराएको



**३३%**
एक्लै बस्थे

**५३%**
परिवारका सदस्यहरुसँग बस्थे

**१४%**
साथीहरु, सँगै कोठामा बस्ने साथी, पति/पत्नी वा जोडीसँग बस्थे

अध्ययनमा संलग्न **३६%** समुदायका ज्येष्ठ नागरिकहरु अर्को वर्षभित्र आफ्नो घर गुमाउने बारे चिन्तित थिए

**आवास अस्थिरताका कारणहरु:** आर्थिक अस्थिरता, भाडामा उतारचढाव, आवास किन्न सक्ने असमर्थता, घरधनीको पूर्वाग्रहको डरले निम्त्याउने निस्काशन, मौखिक धम्की र मौखिक दुर्व्यवहार । लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुका लागि स्वागतयोग्य र सुरक्षित आवासको अभावले नयाँ आवास खोज्नु थप चुनौतीपूर्ण रहेको । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुसँग अरु ज्येष्ठ नागरिकहरु भन्दा सानो सहयोगी सञ्जालहरु छन्, जसले तिनीहरुलाई सुरक्षित आवासको खोज र व्यवस्थापन कठिन बनाउन सक्छ।


---

३. नेपालमा केही धार्मिक र सांस्कृतिक समूहहरुले समलिङ्गी जोडीहरुको लागि उनीहरुको प्रेम र प्रतिबद्धताको पहिचान र उत्सव मनाउने तरिकाको रूपमा परम्परागत/धार्मिक विवाह गराउँछन् । तर यस्तो धार्मिक विवाहलाई कानुनी रूपमा मान्यता दिइएको छैन र धार्मिक विवाह गरेका समलिङ्गी जोडीहरु कानुन अन्तर्गत वैवाहिक अधिकारको हकदार हुँदैनन् ।

४. नेपालमा २००७ मा समलैङ्गिकतालाई निरअपराधीकरण गरिएको थियो र २०१२ मा समलिङ्गी जोडीहरुलाई संगै बस्ने अनुमति दिइएको थियो, तर समलिङ्गी विवाहलाई अझै पनि कानून अन्तर्गत मान्यता दिइएको छैन र समलिङ्गी जोडीहरुलाई कुनै वैवाहिक अधिकार छैन। मार्च २०२३ मा, सर्वोच्च अदालतले नेपालको विवाहको परिभाषाले लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु विरुद्ध भेदभाव गरेको स्वीकार गऱ्यो र संघीय सरकारलाई विवाह गर्ने अधिकार लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पहिचान र अधिकारलाई मान्यता दिने कानुन बनाउन निर्देशन दिएको छ ।

५. नेपालमा बहुविवाह कानुनद्वारा दण्डनीय अपराध हो ।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको लागि शिक्षा र सिकाइका अवसरहरु





## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको आय आर्जन र आर्थिक स्थिति



- **२३%** पूर्णकालिन रोजगार भएको
- **५१%** आंशिक समय/पार्ट टाईम रोजगार भएको
- पूर्णकालिन रोजगारी गर्ने **१३%** लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुले यौन पेशा गर्ने र उनिहरु ५० देखि ६० वर्ष उमेर समुहका रहेका

  समुदायका अधिकांश जेष्ठ नागरिकहरु कृषि, निर्माण कार्य, घरायसी तथा घरेलु काम, चिया पसल, पान पसल, कस्मेटिक पसल, सडक व्यापार, बगैंचाको रेखदेख लगायत अनौपचारिक श्रम क्षेत्रमा संलग्न रहेको र त्यसका साथै उनीहरु विवाह, व्रतवन्ध जस्ता हिन्दु धार्मिक समारोह, जन्मदिन जस्ता विशेष अवसरहरुमा पनि गायक र नर्तकीको रुपमा काम गरिरहेको पाइयो ।
- **१८%** आफ्नो समलिङ्गी जोडी, साथीहरु र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सदस्यहरुबाट आर्थिक सहयोगको लागि निर्भर थिए
- **६%** आफ्नो बचतले गुजारा चलाइरहेका
- **१%** ज्येष्ठ नागरिक भत्ता पाएका
- **१%** निवृत्तिभरण पाएका
- समुदायका ज्येष्ठ नागरिकहरु जीवनयापनको लागि आफ्नो परिवारको साना करेसाबारीमा पनि निर्भर थिए


## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको मासिक आय स्तरमा रहेको व्यापक भिन्नता[६]




## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुको स्वास्थ्य र स्वस्थता

सर्वेक्षण र अन्तर्वार्तामा सहभागी उत्तरदाताहरुलाई उनीहरुको स्वस्थता तथा स्वास्थ्यमा लागु हुने सम्पुर्ण विकल्पहरुको चयन गर्न भनिएको थियो ।




**कमजोर शारीरिक स्वास्थ्य** स्थितीका कारणहरुमा मधुमेह, उच्च रक्तचाप, पोषणको कमी, व्यायामको कमी, निद्रामा कमी, प्रतिरोधात्मक क्षमतामा कमी र स्वास्थ्य सेवाहरुको पहुँचतामा कमी रहेका छन् ।




**४१%** विगत ६ महिनामा एक वा दुई पटक चिकित्सकलाई भेटेको ।

**१०%** ३-४ पटक चिकित्सकलाई भेटेको ।

**४%** समान समयावधिमा ४ पटक चिकित्सकलाई भेटेको ।

**४४%** विगत ६ महिनामा चिकित्सककोमा नगएको ।

६. हाल १ अमेरिकन डलरको सटही दर रु. १३२ रहेको छ ।



अध्ययनमा संलग्न धेरै लैङ्गिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिकहरूले भावनात्मक र मानसिक स्वास्थ्य समस्याहरूको कारणले परिवार र साथीहरूसँगाको सामाजिक गतिविधिहरूमा कटौती गरेको पाईयो ।

**३३%**
चार हप्तासम्मका लागि सामाजिक गतिविधीहरु केही सीमित गरेको

**१३%**
चार हप्ता सम्मका लागि सामाजिक गतिविधीहरु मध्यम रुपमा सीमित गरेको

**९%**
चार हप्ता सम्मका लागि सामाजिक गतिविधीहरु अत्यन्त सीमित गरेको



लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुका लागि भावानात्मक सहयोगका प्रमुख स्रोतहरु:

**३५%**
साथीहरु

**२३%**
विपरित लिङ्गी श्रीमान/श्रीमती वा समलिङ्गी जोडीहरु

**१४%**
परिवारका अन्य सदस्यहरु

**१५%**
छिमेकी



लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुका लागि भावानात्मक सहयोगका अन्य स्रोतहरु :


**७%**
आध्यात्मिक/धार्मिक समुदाय

**१%**
मानसिक स्वास्थ्य परामशकर्ता, सामाजिक कार्यकर्ता वा थेरापिष्ठ

**३%**
अनलाईन/सामाजिक सञ्जाल

**१%**
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सहायता केन्द्रहरु वा जेष्ठ नागरिक केन्द्रहरु


## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरूको स्वास्थ्य तथा सामाजिक सेवाहरुमा विद्यमान बाधाहरू:




**७%** स्वास्थ्य बिमा छ छैन थाहा नभएको

**१३%** स्वास्थ्य बिमा भएको

**८०%** स्वास्थ्य बिमा नभएको र स्वास्थ्य सेवा उपभोग गर्न असमर्थ भएको




**५०%**
कोभिड महामारीका समयमा संघिय सरकार, प्रादेशिक सरकार, वा गैरसरकारी संस्थाहरूले प्रदान गरेको सामाजिक सेवाहरु र/वा फाईदाहरूको पहुँचतामा कठिनाई भोगेको .



**३६%**
उनीहरुको यौन अभिमुखिकरण वा लैङ्गिक पहिचानको कारणले स्वास्थ्य सेवाबाट वञ्चित गरिएको ।




**२५%**
उनीहरूको ट्रान्स/तेस्रो लिङ्गी पहिचान र लैङ्गिक अभिव्यक्तिको कारणले स्वास्थ्य सेवा प्रदायकहरूबाट अपमानजनक व्यवहार र अभद्र वचन अनुभव गर्नु परेको । स्वास्थ्य र सेवा प्रदायकहरूबाट अन्य प्रकारको भेदभावहरू अनुभव गर्न परेको कारणमा जेष्ठ नागरिकहरूको यौन अभिमुखिकरण, वर्ग, वा जाति रहेका छन् ।



**८६%** कोभिड खोप लगाएको

**१४%** कोभिड खोप नलगाएको

कारणहरू: खोप लगाउन आवश्यक योग्यताको बारेमा चेतनाको कमी, उनीहरूको प्रदेशहरूमा खोपको सिमित उपलब्धता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भएकोले भेदभावको डर, खोपको सुरक्षा र प्रभावकारीताको बारे जानकारीमा कमी, शारीरिक अपाङ्गताका कारणले हिँडडुलमा असक्षमता, पहिलादेखिको शारीरिक अवस्था, हिँडडुलमा समस्याहरू (उदाहरणका लागि लामो दुरी हिड्न कठिनाई), नि:शुल्क वा कम भाडाका सार्वजनिक यातायातको अभाव, र निश्चित आय भएकाहरूकालागि निजी यातायात प्रयोगको असमर्थता ।




**१४%** निवृत्तिभरण र सामाजिक सुरक्षा भत्ता वा सार्वजनिक सेवामा रोजगारी पाएको

**८६%** एकल महिला भत्ता, सामाजिक सुरक्षा भत्ता, सिमान्तकृत समुहहरूका लागि प्रदान गरिने लघुवित्त सहायता, सुरक्षित जेष्ठ नागरिक आवास, स्वास्थ्य बिमा र जेष्ठ नागरिकहरूको लागि यातायात सेवामा छुट लगायतका राज्यले प्रदान गरको सुविधाहरू प्राप्त गरेका थिएनन् । उनीहरूले गैरसरकारी संस्थाहरु वा निजी क्षेत्र (धार्मिक संस्थाहरू) बाट पनि वृद्धा सेवाहरू प्राप्त गरेका थिएनन् ।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुद्वारा अनुभव गरिएका भेदभाव र हिंसा

**६५%** आवास, रोजगारी, सामाजिक सेवाहरू, सार्वजनिक सहायता कार्यक्रमहरू, परिवार तथा समुदायमा हुने भेदभावको संचय र जीवनभरको भोगाईका कारणले शारीरिक तथा भावनात्मक रुपमा सुरक्षित महसुस गरेनन् ।

**२३%** उनीहरुको ट्रान्स/तेस्रो लिङ्गी पहिचान र लैङ्गिक अभिव्यक्तिको कारणले घर धनीद्वारा घरबाट हटाईएको थियो ।

**२७%** कार्यस्थलमा भेदभाव सामना गर्नुपरेको थियो । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भएकोले उनीहरूको तलब बृद्धि वा बढुवा गर्न अस्विकार गरिएको थियो ।

**२४%** लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भएकोले सहकर्मीहरूद्वारा शारीरिक दुर्व्यवहार वा हिंसा भएको थियो ।

**३१%** परिवार तथा समुदायका सदस्यहरु, साथीहरु र सरकारी प्रतिनिधीहरुबाट भेदभाव र हिंसा सामना गरेको थियो ।

## नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरु के चाहन्छन् ?

“ हाम्रो देशको संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका सम्पुर्ण व्यक्तिहरूलाई समान अधिकार र संरक्षण प्रदान गर्नुपर्दछ, र यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन र संरक्षणको सुनिश्चितता गर्नु राज्यको कर्तव्य हो । ”

**मनोरञ्जन कुमार बैद्य**
६४, लैङ्गिकता निश्चित नभएको, मितिनी जेष्ठ नागरिक सल्लाहकार समिति, बागमती प्रदेश

“ लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरूलाई प्रभावित गर्ने विशिष्ट मुद्दाहरु रहेका छन् र उनीहरूको विशेष आवश्यकताहरूको प्रत्यक्षरुपमा सम्बोधन गर्ने कानुन निर्माण गर्ने दिशामा हामीहरूले काम गर्न आवश्यक छ... ताकी हाम्रो कानुनहरु र नीतिहरु अर्थपुर्ण तरिकाबाट लागु हुन्छन् । (यसका लागि) राज्यले लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरूको राजनीतिक सहभागिताको मान्यता प्रदान गर्नै पर्दछ । ”

**शीला गुरुङ्**
५४, ट्रान्सजेण्डर पुरुष, मितिनी जेष्ठ नागरिक सल्लाहकार समिति, लुम्बिनी प्रदेश

“ राज्यले हाम्रा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरूले गरेको योगदानलाई मान्यता र महत्व दिनु पर्दछ र उनीहरूको विकासका लागि बजेट विनियोजन गर्नुपर्दछ । हामी हाम्रा जेष्ठ नागरिकहरूलाई पछाडी छोड्न सक्दैनौ, र हामीले उनीहरूलाई पुर्ण जीवन बिताउन आवश्यक सहयोग र स्रोतहरु प्राप्त होस् भनी सुनिश्चित गर्नुपर्दछ । ”

**किम बहादुर गुरुङ्**
५०, ट्रान्सजेण्डर महिला, गण्डकी प्रदेश



“ जेष्ठ नागरिकहरूको लागि कार्य गर्ने संस्थाहरूले लैङ्गिक तथा यौन अल्पसंख्यक जेष्ठ नागरिकहरूले गैर-लैङ्गिक तथा यौन अल्पसंख्यक जेष्ठ नागरिकहरु सरह समान अधिकार, संरक्षण, र सेवाहरूमा पहुँचताको सुनिश्चित गर्नुपर्दछ । उनीहरूलाई तालिम प्रदान गर्दा सबैका लागि थप समावेशी र समतामुलक संसारको सृजना गर्न मद्दत पुग्दछ । ”

**गोविन्द चौधरी**
५०, ट्रान्सजेण्डर महिला, मधेश प्रदेश

“ मलाई हरेका दिन यो सम्झाईन्छ कि समाजले मेरो आफ्नो सम्बन्ध भन्दा विपरित लिङ्गी महिलाहरूको सम्बन्धलाई बढी महत्व दिन्छ । ३० बर्ष भन्दा बढि भएको मेरो जोडीसँगको सम्बन्ध गुमाएको कुनै सरकारी मान्यता वा सहयोग विना, मलाई एक्लै यस संसार पछ्याउन छाडिएको छ । म (अहिले) एकल महिला हुँ, तर राज्यले समलिङ्गी विवाहलाई मान्यता नदिएको कारणले गर्दा मेरो जोडीको मृत्यु पश्चात् पनि मलाई एकल महिला भत्ता प्राप्त गर्नबाट वञ्चित गरिएको छ । ”

**सुकमाया मगर**
५२, समलिङ्गी महिला, बागमती प्रदेश

# मितिनी नेपालका सुझावहरु :

- नेपालको केन्द्रिय सरकारले, लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्रिक भौतिक पुर्वाधार, ठाउँ, र आर्थिक अवसरहरु लगायतका लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरुको मुद्दाहरुको सम्बोधनका निमित्त लैङ्गिक संवेदनशील दृष्ठिकोणलाई मूलधारमा ल्याउनु पर्दछ ।
- नेपालको प्रादेशिक सरकारहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुको तत्काल आवश्यकताहरुको सम्बोधन गनुपर्दछ र लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरुले सम्मानजनक जीवन विताउन सहयोग गर्ने कार्यक्रमहरुको विकास गर्नुपर्दछ । त्यस्ता कार्यक्रमहरुको योजनामा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरुसँग परामर्श र उनीहरुलाई सहभागिता गराउनुपर्दछ ।
- नेपालको सांसदज्युहरु तथा कानुन निर्माणकर्ताहरुले, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकार संरक्षण गर्ने विद्यमान कानुनहरु लागु गर्न र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समावेशी सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयनका लागि नियमहरु निर्माण गर्नुपर्दछ ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुका लागि कार्यरत गैरसरकारी संस्थाहरुले उनीहरुलाई समावेशी र साँस्कृतिक संवेदनशील सेवाहरु र उनीहरुको मौलिक आवश्यकताहरु र चुनौतिहरुको सम्बोधन गर्न सहयोग प्राप्त हुने कुराको सुनिश्चितता गर्नुपर्दछ ।
- नेपालको महिला अधिकारकर्मीहरु र राष्ट्रिय महिला आयोगले लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरुले सामना गर्ने मौलिक चुनौतिहरुको सम्बोधन गर्ने र स्वास्थ्य सेवा, आवास, र सामाजिक सेवाहरुमा उनीहरुको पहुँच अभिबृद्धि गर्ने समावेशी नीतिहरु तथा कार्यक्रमहरुको लागि पैरवी गर्नुपर्दछ ।
- नेपालको नागरिक समाज, गैरसरकारी संस्थाहरु, र सम्बन्धित सरकारी निकायहरुले, लैङ्गिक तथा यौनिक अल्पसंख्यक जेष्ठ नागरिकहरुले खाना खान पाउने अधिकार, स्वास्थ्य सेवाहरुको अधिकार, सुचनाका अधिकार, र उनीहरुको लैङ्गिक तथा यौनिक अल्पसंख्यक स्थितिको आधारमा अभिवेदको अधिकारको उपभोग गर्न सकेको छ छैन भनेर अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।
- नेपालको सञ्चार माध्यमहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुको बारेमा सकारात्मक समाचारहरुको सम्प्रेषण बढाउने, उनीहरुको दृष्यतालाई बढाउने, र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरुबारे रुढीवादी सोचलाई चुनौति दिनुपर्दछ ।
- नेपालको लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय तथा संस्थाहरुले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायहरुमा वृद्धा र जेष्ठ नागरिकहरुको बुझाई र स्वीकार्यता प्रवर्द्धन गर्नुपर्दछ ।
- नेपालका सरोकारवालाहरुले दिगो विकास लक्ष्यहरुको एजेन्डा र दिगो विकास लक्ष्यका कार्यक्रमहरुको विकासमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरु समावेश हुने, र दिगो विकास लक्ष्य कार्यक्रमहरुमा उनीहरुको पहुँच हुने, नेपालको सिमान्तकृत समुदायहरुको आवश्यकताको सम्बोधन गर्ने कार्यक्रमहरु समावेश हुने तर त्यतिमा मात्र सीमित नहुने कुराको सुनिश्चितता गर्नुपर्दछ ।






अधिक जानकारीको लागि सम्पर्क

**मितिनी नेपाल**
रानीबारी सामाखुसी, कुमारी टोल
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
वेभसाइट: www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/